का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ मंसिर २०८२
मंगलबार
18 November 2025
Tuesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नें

वर्ष २३, अंक २७८ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com



**जेनजी घाइते**

# जो दुई महिनादेखि अस्पतालमै छन्

सबै ठिकठाक हुँदो हो त बोहरा अहिले क्रोयसियामा हुन्थे । दशैंअघि नै त्यता जाने उनको तयारी थियो । तर नियतिको खेल दुवै आँखा गुमाएर अहिले अस्पतालको बेडमा छन् ।

*जेनजी आन्दोलनमा आँखा गुमाएका तिला गाउँपालिका-२ जुम्लाका सन्तोष बोहरा शिक्षण अस्पतालको न्युरो सर्जरी वार्डको बेड नम्बर ४१२ मा । **तस्बिर : सपना/मध्यान्ह***

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, १ मंसिर

शिक्षण अस्पताल महाराजगन्जको आइसियु बेड नम्बर ७ मा छटपटाइरहेका छन्, पोखराका १८ वर्षीय ढकबहादुर नेपाली । उनको शरीरको घाँटीदेखि तल्लो भाग चल्दैन । न उनी राम्रोसँग बोल्न सक्छन् न त खान नै । उनको अनुहारमा बेलाबेला आक्रोशको भाव भने प्रकट हुन्छ । आफ्नोबारे सोधखोज गर्न आउनेसँग पनि उनी झर्किन थालेका छन् ।

दुई महिनादेखि उनको स्वास्थ्य अवस्था स्थिर छ । गत २४ भदौको जेनजी प्रदर्शनका क्रममा पोखरामा उनको घाँटीको दाहिनेतर्फ गोली लाग्यो । साथीहरूले तत्कालै उनलाई उपचारका लागि गण्डकी अस्पताल पुऱ्याए । तर अवस्था गम्भीर थियो । त्यसैले काठमाडौं ल्याइएका नेपालीको शिक्षण अस्पतालमा भइरहेको छ ।


जेनजी आन्दोलनपछिका ६८ दिनमा देशमा ठूलै उथलपुथल भयो । जननिर्वाचित सरकार ढल्यो । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो अनि संसद् विघटन गरियो । यसबीचमा सरकार र दलहरू आमचुनावतर्फ लागेका छन् । जेनजी अगुवाहरू सिंहदरबार र बालुवाटारका बैठकमा व्यस्त छन् । तर नेपालीको भने कहिले निको हुने टुंगो छैन । छिट्टै सन्चो भएर घर फर्किने झिनो आशा लिएर उनी अस्पतालको बेडमा छटपटाइरहेका छन् ।

नेपालीको स्वास्थ्य अवस्था बुझ्न काठमाडौंका प्रमुख जिल्ला अधिकारीदेखि जेनजी अगुवा, स्वास्थ्यमन्त्री र गृहमन्त्रीसमेत अस्पताल पुगिसकेका छन् । तर आफूहरूको भावना कसैले नबुझेको घाइते परिवारको गुनासो छ ।

कक्षा ११ कक्षामा पढ्दै गरेका नेपालीलाई २४ भदौको प्रदर्शनका क्रममा प्रहरी चौकीअगाडि गोली लागेको हो । 'यस्तो अवस्था हुन्छ भन्ने थाहा भएको भए आन्दोलनमै जाने थिइन् मात्रै भन्छ । अरू कुरा बोल्दैनन्,' आमा युदले भनिन् । सरकारले निःशुल्क स्वास्थ्य उपचार गराइरहेको छ । तर युदको चिन्ता छोराको शरीर पुरानै अवस्थामा नफर्किएला भन्ने छ । मेलापात र दैनिक ज्याला मजदुरी गरेर उनले दुई छोरी र छोरा पृष्ठ २ मा

# देउवालाई फेरि कांग्रेसको गाँठो फुकाउने जिम्मा





सबै पक्षको कुरा सुनेर विवाद समाधान गर्दै सर्वसहमतिमा निर्णय लिन सभापतिले नै अग्रसरता देखाउनु उपर्युक्त हुने नेताहरूको आशय छ ।

**मीन विश्वकर्मा**
**प्रचार विभाग प्रमुख**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १ मंसिर

असोज २८ गतेबाट सानेपामा जारी नेपाली कांग्रेस केन्द्रीय समिति बैठक अनिर्णयको बन्दी बनेको छ । कार्यवाहक सभापति पूर्णबहादुर खड्कासहित नेताले १५औं महाधिवेशनको मुद्दाबारे टुंगो लगाउन सकेका छैनन् । पार्टीको सम्पूर्ण जिम्मेवारी कार्यवाहक सभापति खड्कालाई सुम्पिएका देउवाकै काँधमा फेरि विवाद मिलाउने जिम्मा आइपुगेको छ । कार्यवाहक सभापति पूर्णबहादुर खड्कासहित नेताहरूले पार्टीको महाधिवेशन चुनाव अघि कि पछि भन्ने विषयमा चर्किएपछि देउवाले नै गाँठो फुकाउनुपर्ने अवस्था आएको हो ।

जेनजी आन्दोलनकारीको आक्रमणमा परेका सभापति देउवा कात्तिक १० गते थप उपचारका लागि सिंगापुर गएका थिए । उनी सिंगापुरको १८ दिने बसाइपछि शुक्रबार स्वदेश फर्किएलगत्तै पार्टीको विवाद मिलाउने काममा सक्रिय भएका हुन् । सभापति देउवाले आइतबारबाटै पार्टीका शीर्ष नेताहरूसँग भेटघाटलाई तीव्रता दिएका छन् । उनले फरकफरक विचार समूहका नेताहरूसँग धारणा बुझ्ने र समाधानका उपाय खोज्न आफूनिकट नेताहरूलाई परिचालनमा सक्रिय बनाएर लागेको नेताहरूले बताएका छन् । देउवानिकटका नेताहरूले आगामी आमनिर्वाचनअघि महाधिवेशन गर्न नहुने अडान कायमै राखेका छन् ।

उता संस्थापनइतर पक्षका नेता डा. शेखर कोइराला विभाजनमा जानबाट रोक्ने उपायबारे संवादरत छन् । कांग्रेस केन्द्रीय सदस्य डा. गोविन्द्रराज पोखरेलले पार्टी कांग्रेस यति लामो समयसम्म अनिर्णयको बन्दी बनेकोप्रति आश्चर्य व्यक्त गरे । डा. शेखर कोइरालासहितका एकाथरि नेताहरूले पार्टी विभाजनबाट रोक्न मध्यमार्गी उपाय खोजे पनि संस्थापन पक्षका नेताहरू पार्टी कब्जा गर्ने मनोभावनाअनुसार अघि बढेको उनको आरोप छ । 'सभापति समूहका नेता मध्यमार्गी बाटो अपनाएर पनि पार्टीलाई एक ढिक्का राखेर जनतामाझ पार्टीको साख जोगाउने अभ्यासमा छन् । नेता शेखर कोइरालाले विभिन्न जिल्ला सभापति तथा केन्द्रीय नेताहरूलाई आवश्यकताअनुसार सामूहिक र एक्लाएक्लै भेटेर देउवाले स्वदेश आएपछि पार्टीका सबैजसो नेताहरूसँग भेटेर वा टेलिफोनमार्फत संवादलाई बाक्लो बनाउनुभएको भन्ने सुनेको छु,' उनले मध्यान्हसँग भने, 'उहाँकै निर्देशन र सहजीकरणबिना कांग्रेसले निर्णय गर्न नसक्ने रहेछ भन्ने सन्देश गएको पृष्ठ २ मा




**फरार कैदीबन्दी र लुटिएका हतियार नियन्त्रण अपरेसन**


# नेपालले खोज्यो भारतको सहयोग

*जेनजी आन्दोलनका क्रममा लुटिएकामध्ये ७ सय १८ थान हतियार फिर्ता भएको छ । करिब १२ सय हतियार लुटिएको सरकारी तथ्यांक छ । फरार १४ हजार ५ सय ५४ कैदीबन्दीमध्ये ९ हजार ४ सय ४१ जना फिर्ता भएका छन् । बाँकी ५ हजार १३ जना फरार कैदीबन्दी नियन्त्रणमा लिन बाँकी छ ।*



हतियार फिर्ताका लागि संयुक्त अपरेसन भइरहेको छ । फरार कैदी सेवा लिन राज्यका कुनै पनि संयन्त्रमा पुग्न सक्छन् । यसबारे पत्राचार गरिएको छ ।

**ओमप्रकाश अर्याल**
**गृहमन्त्री**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १ मंसिर

जेनजी आन्दोलनका क्रममा फरार कैदीबन्दी र लुटिएका हतियार नियन्त्रणमा लिन नेपालले भारतको सहयोग खोजेको छ । नेपालबाट सीमा पार भएको हुन सक्ने भएकाले सरकारले यस किसिमको सहयोग मागेको हो ।

गृह मन्त्रालयका अनुसार जेनजी आन्दोलनका क्रममा लुटिएकामध्ये ७ सय १८ थान हतियार फिर्ता भएको छ । जेनजी आन्दोलन क्रममा करिब १२ सय हतियार लुटिएको सरकारी तथ्यांक छ । साथै, फरार १४ हजार ५ सय ५४ कैदीबन्दीमध्ये ९ हजार ४ सय ४१ जना फिर्ता भएका छन् । बाँकी ५ हजार १३ जना फरार कैदीबन्दीलाई नियन्त्रणमा लिन बाँकी छ ।

फरार कैदीबन्दी र लुटिएका हतियारका कारण दुवै देशमा सुरक्षा चुनौती पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# राहदानीका तीन बिचौलिया पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ मंसिर

राहदानी बनाइदिने भन्दै बिचौलियाको काम गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले राहदानी विभाग त्रिपुरेश्वरको मूल गेट बाहिर सेवाग्राहीलाई छिटोछरितो राहदानी बनाइदिने भन्दै विभिन्न प्रलोभन देखाइ अतिरिक्त रकम लिइ दुःख हैरानी दिएको भन्दै उनीहरूलाई पक्राउ गरिएको बताएको छ ।

सेवाग्राहीलाई मात्रै नभएर राहदानी विभागका कर्मचारीको कामकारबाहीमा समेत अवरोध पुऱ्याएको भन्ने विशेष सूचनाको आधारमा उनीहरूलाई पक्राउ गरिएको प्रहरीले बताएको छ ।

पक्राउ पर्नेमा सर्लाही हरिवन घर भइ हाल काठमाडौंको सामाखुसी बस्ने भाग्य नारायण साह, सिन्धुपाल्चोक चौतारा घर भइ हाल काठमाडौं बस्ने मिक्टे लामा, धादिङ नेत्रावती घर भइ हाल काठमाडौं बस्दै आएका वीरेन्द्र थापा मगर रहेको प्रहरीले जानकारी दिएको छ । पक्राउ परेकाहरूलाई थप अनुसन्धान तथा कारबाहीका पृष्ठ २ मा

## वैदेशिक रोजगारको नाममा ठग्ने चार पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि बेलायत र साइप्रसलगायत विभिन्न देशमा पठाइदिन्छु भन्दै ठगी गर्ने चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुले सुजु प्रजा, रोजी गुरुङ, आदर्श तिमिल्सिना र आशिष खोखालीलाई पक्राउ गरेको हो । प्रहरीले तिमिल्सिना र खोखालीलाई वर्किङ भिसामा बेलायत पठाइदिने भन्दै छुट्टाछुट्टै ३० लाख र ११ लाख ५० हजार लिएर सम्पर्कविहीन भएको अवस्थामा पक्राउ गरेको बताएको छ । तिमिल्सिना सिन्धुपाल्चोक सुनकोसी र खोखाली सिन्धुपाल्चोक इन्द्रावतीका स्थायी बासिन्दा हुन् । पृष्ठ २ मा






### जेनजी...

हुर्काइन् । अहिले छोराको यो हालत देख्दा उनलाई रुन मन लाग्छ । तर उनको व्यथा बुझिदिने कोही छैन । 'यस्तो अवस्था छ । कसलाई भन्ने, के माग राख्ने ? सरकार कहाँ छ, हामीलाई केही थाहा छैन,' उनले मध्यान्हसँग भनिन्, 'हामी केही नजान्ने मान्छे पर्‍यौं । अब न आन्दोलनमा न भन्याजस्तो परिवर्तन आउँछ न त मेरो छोराको शरीर उस्तै हुन्छ ।'

नेपालीजस्तै राजनीति र नेतादेखि दिक्क भएर जेनजी आन्दोलनमा होमिएका थिए, तिला गाउँपालिका-२ जुम्लाका सन्तोष बोहरा । हाल सुर्खेत बस्दै आएका २६ वर्षीय बोहराले आन्दोलनका क्रममा दुईवटै आँखा गुमाए । शिक्षण अस्पतालको न्युरो सर्जरी वार्डको बेड नम्बर ४१२ मा उनको उपचार भइरहेको छ । प्रदर्शन भड्किएर भएको झडपमा उनको दाहिने आँखामा गोली लाग्यो । घटनास्थलमै ढलेका उनको टाउकोमा पनि गहिरो चोट लागेको छ । उनी दुई महिनादेखि अचेत अवस्थामा छन् ।

सबै ठिकठाक हुँदो हो त बोहरा अहिले क्रोयसियामा हुन्थे । दशैंअघि नै त्यता जाने उनको तयारी थियो । तर नियतिको खेल दुवै आँखा गुमाएर अहिले अस्पतालको बेडमा छन् । न उनी जेनजी आन्दोलनपछिको अवस्था देख्न सक्छन् न त सुन्न नै । उनले श्रवणशक्ति पनि गुमाएका छन् । बोहरा परिवारको एउटै पुकार छ, 'जसरी हुन्छ दृष्टि फर्काइदिनुपर्‍यो ।'

सरकार घाइतेको अवस्था बुझ्न आए पनि भावना बुझ्न नसकेको उनकी श्रीमती निर्मला खड्का बताउँछिन् । ' मनै नपर्ने राजनीति हो । केके न होला भनेर जेनजी आन्दोलन भयो । अब त झन् खोइ कस्तो होला ?' उनले भनिन् ।

स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार, जेनजी आन्दोलनका १० घाइते अहिले पनि अस्पतालमै छन् । तीमध्ये राष्ट्रिय ट्रमा सेन्टरमा चार जना, टिचिङ अस्पतालमा दुई जना, काठमाडौं मेडिकल कलेजमा दुई जना, बी एन्ड बी अस्पतालमा एक जना, नोबेल मेडिकल कलेज विराटनगरमा एक जनाको उपचार भइरहेको छ ।

### देउवालाई...

छ । नेतृत्वको जिम्मेवारी पाएका नेताहरू आफ्नो विवेकलाई बन्धक बनाएर कसैले लाए अह्राएको काम मात्रै गर्ने देखिएका छन् ।'

सभापति देउवाले असोज २८ गते सक्रिय राजनीतिबाट बिदा लिएको सन्देशसहित उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक दिँदै केन्द्रीय समितिको बैठक हस्तान्तरण गरेका थिए । त्यसयता खड्काले नै केन्द्रीय समितिका चलाउँदै आए पनि खड्काबाट पार्टीमा देखिएको विवाद मिलाउने सम्भावना टरेको छ । यसैबीचमा देउवाले खड्कालाई बैठक चलाउनका लागि मात्रै मौखिक कार्यवाहक छाडेकाले उनीसँग आधिकारिक र लिखित जिम्मेवारीसमेत नरहेको चर्चा छ । खड्काले पाएको जिम्मेवारीलाई अवसरका रूपमा प्रस्तुत गर्न सकेनन् । नेता पोखरेलले भने भने, 'उहाँहरूले सिंगो कांग्रेस र मुलुकभन्दा एउटा गुटको हितलाई केन्द्रमा राखेर कांग्रेसलाई निर्णयबाट वञ्चित गराउँदै हुनुहुन्छ । यसले समग्र कांग्रेस र देशको हित हुँदैन ।'

देउवाको अनुपस्थितिमा केन्द्रीय समितिबाट निर्णय नआएपछि देउवालाई नै गुहारेर फेरि महाधिवेशनलाई अनिश्चितता धकेल्ने प्रयास भएको नेताहरूले टिप्पणी गरेका छन् । आमनागरिक र पार्टी तहका नेता कार्यकर्ताको भावनाअनुसार प्रतिनिधि सभाको निर्वाचनअघि नै पार्टी महाधिवेशनको कार्यतालिका ल्याउनुपर्ने पक्षमा केन्द्रीय समितिमा समेत बहुमत पुगिसकेको छ । तर देउवा आएपछि आफ्ना पक्षका नेताहरूलाई हतारमा केही निर्णय नगर्नु भन्ने देउवाको आदेश आएको बताइएको छ । कार्यवाहक पाएका नेता पूर्णबहादुर खड्काले आफ्नो आधिकारिकतासमेत सार्वजनिक गर्न सकेका छैनन् । यसले उनीमाथि मौखिक कार्यवाहकको जिम्मेवारीबाहेक केही नभएको टिप्पणीसमेत भइरहेको छ ।

देउवाको अनुपस्थितिमा कार्यवाहक सभापति पूर्णबहादुर खड्काले चुनावअघि नै महाधिवेशन कार्यतालिका सार्वजनिक गरेको भए एउटा समूहले राम्रैसँग नेता मान्ने थियो,' कांग्रेसका एक पदाधिकारीले भने, 'तर उहाँको एउटा गुटको बैठकमा बढी सक्रिय हुनुभयो । पार्टीले यो अवस्थामा सबैको साझा धारणा बनाएर निर्णय लिनेगरी प्रयास नै गर्नुभएन । यसले उहाँको क्षमतामाथि प्रश्न उब्जायो ।'

महाधिवेशनसहित देशको राजनीतिक अवस्थाबारे ठोस निर्णय गर्न कांग्रेस बैठक बिहीबारलाई सारिएको छ ।

संस्थापन पक्षभित्रै समेत महाधिवेशनको मुद्दामा चार लाइन देखिएका छन् । सो समूहका २५ केन्द्रीय सदस्यले चुनावअघि महाधिवेशनका पक्षमा देखिए पनि पूर्वपदाधिकारीहरूले समानुपातिक सूचीमा नाम हालेर मात्रै पार्टीको महाधिवेशनमा जाने योजनासहित पार्टीलाई अनिर्णयको बन्धक बनाउन भूमिका खेलेका छन् । महामन्त्री थापाले पुस १६-१९ मा महाधिवेशन गर्ने कार्यतालिका पेस गर्दा उनको काउन्टरमा सहमहामन्त्री महेन्द्र यादवले वैशाख २७-२९ को प्रस्ताव अघि सारेका छन् । पार्टीको विधानको धारा १७(२) अनुसार ४० प्रतिशत प्रतिनिधिको हस्ताक्षरसहित माग गरेमा तीन महिनाभित्र विशेष महाधिवेशन बोलाउनुपर्ने बाध्यकारी व्यवस्था छ । संस्थापनपक्षका सात पूर्वपदाधिकारी निर्वाचन अगाडि विशेष वा नियमित कुनै पनि महाधिवेशन गर्न नहुने पक्षमा दृढ छन् । कार्यवाहक सभापति खड्काले बहुमत र अल्पमतका आधारमा कुनै निर्णय नगर्ने बताएका छन् । तर उनले यतिका दिनसम्म पार्टीलाई अनिर्णयको बन्दी बनाएको आरोप खेप्दै आएका छन् ।

महामन्त्री विश्वप्रकाश शर्माले नियमित महाधिवेशन पनि नगर्ने र विशेष महाधिवेशन पनि नबोलाई चुनावपछि महाधिवेशन सार्ने प्रयास भए आफूले महामन्त्रीको पदबाट राजीनामा दिने चेतावनी दिइसकेका छन् । अर्का महामन्त्री गगन थापासमेत चुनावअघि महाधिवेशन वा विशेष महाधिवेशनको निर्णय नभए राजीनामा दिने मनस्थितिमा रहेको उनीनिकट नेताहरूले बताएका छन् । कांग्रेसले विधानसम्मत माग भएको विशेष महाधिवेशन नबोलाएर अन्य निर्णय गर्ने हो भने संसद् विघटन संविधानबाहिर थियो भनेर भन्ने नैतिक धरातलसमेत गुमाउने केन्द्रीय सदस्य मधु आचार्यले बताए । नियमित वा विशेष महाधिवेशनको प्रस्तावलाई केन्द्रीय समितिबाटै अनुमोदन गराउन संस्थापनइतर समूहका नेताहरूले कार्यवाहक सभापति खड्कालाई निरन्तर दबाब दिँदै आएका छन् । यी सबै पक्षलाई मिलाएर निर्णय गर्न सभापति देउवाले नै फेरि अग्रसरता लिने संकेत गरिसकेका छन् । अरू नेताहरू समेत देउवाबाटै निर्णय होस् भन्ने चाहनामा रहेको केन्द्रीय समितिका नेताहरूले बताएका छन् । 'पार्टीका सबै पक्षको कुरा सुनेर विवाद समाधान गर्दै सर्वसहमतिमा निर्णय लिनुपर्ने कांग्रेसको अहिलेको परिस्थितिलाई सभापतिले नै अग्रसरता लिएर जानु उपर्युक्त हुने नेताहरूको कुरा छ,' कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले भने ।

### नेपालले...

हुन सक्ने भएकाले मिलेर नियन्त्रण गर्नुपर्ने नेपालको प्रस्ताव छ । भारतको नयाँ दिल्लीमा नेपाल-भारत सीमा सुरक्षा समन्वय बैठक बसेको थियो । जहाँ सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल सहभागी थिए । जहाँ उनले जेनजी आन्दोलनका क्रममा भागेका कैदीबन्दी र प्रहरी ब्यारेक तथा कार्यालयबाट लुटिएका हतियार नियन्त्रणमा भारतीय पक्षको सहयोग खोजेका हुन् । उनले फरार कैदीबन्दी र लुटिएका हतियारका कारण दुवै देशमा सुरक्षा चुनौती हुन सक्ने भएकाले मिलेर नियन्त्रण गर्नुपर्ने बताए । महानिरीक्षक अर्यालले फरार कैदीबन्दी र लुटिएका हतियार नियन्त्रणमा लिन खोजेको सहयोगमा भारतीय समकक्षी सशस्त्र सीमा बल एसएसबीमा महानिर्देशक सञ्जय सिंघल सकारात्मक भए । उनले फरार कैदीबन्दी र लुटिएका हतियार नियन्त्रणमा सहयोग गर्ने वचन दिएका छन् ।

गत भदौ २४ गते देशभरका २८ कारागार र सुधार गृहबाट भागेकामध्ये ५ सय २० जना भारतीय रहेका छन् भने र ९९ जना तेस्रो देशका नागरिक छन् ।

भागेका भारतीयसहित विदेशी र नेपाली कैदीबन्दी स्थलमार्गबाट भारतमा लुकेर बसेको हुन सक्ने नेपालको आशंका छ । यही आशंकासहित नेपालले भारतको सहयोग खोजेको हो । गत बुधबारदेखि सुरु भएको सीमा सुरक्षा समन्वय बैठक शुक्रबार नै सकिएको छ ।

बैठकमा सहभागी हुने नेपालबाट आठ सदस्यीय उच्चस्तरीय टोली गएको थियो । टोलीमा गृह मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी र परराष्ट्र मन्त्रालयका अधिकारी सहभागी थिए । भारतका तर्फबाट एसएसबी महानिर्देशक सिंघलको नेतृत्वमा भारतीय गृह र विदेश मन्त्रालयका अधिकारी सहभागी थिए । बैठकमा नेपालले राखेको फरार कैदीबन्दी र लुटिएका हतियार नियन्त्रणमा भारतीय सहयोगअनुसार अगाडि बढ्न दुवै देश तयार भएको र त्यसअनुसार काम अगाडि बढिसकेको सरकारी अधिकारी बताउँछन् ।

गृहमन्त्री ओमप्रकाश अर्यालका अनुसार नेपालभित्रै पनि फरार कैदीबन्दी र लुटिएका हतियार नियन्त्रणमा लिन विशेष अपरेसन चलाइँदै छ ।

यसअघि राष्ट्रिय सभाअन्तर्गतको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा ' शान्ति सुरक्षाको अवस्था र आगामी निर्वाचनको तयारी सम्बन्धमा' छलफल थियो । जहाँ गृहमन्त्री अर्याल आमन्त्रित थिए ।

सो बैठकमा सांसदहरूले सोधे कसरी शान्ति सुरक्षाको प्रत्याभूति हुन्छ ? कसरी चुनाव भयरहित हुन्छ ? सरकार किन फरार कैदी र लुटिएका हतियार नियन्त्रणमा लिन सकिरहेको छैन ? भनेर सोधेका थिए ।

जवाफमा गृहमन्त्री अर्यालले भने, 'हतियार फिर्ताका लागि संयुक्त अपरेसन भइरहेको छ । फरार कैदी सेवा लिन राज्यका कुनै पनि संयन्त्रमा पुग्न सक्छन् । यसबारे पत्राचार गरिएको छ, उनीहरूलाई नियन्त्रणमा लिन विशेष अपरेसन चलाइँदै छ ।'

गृहमन्त्री अर्यालका फरार कैदीहरूको नामावली प्रकाशन गरिएको छ । उनीहरूको नाम अंग्रेजीमा पनि प्रकाशन गरिएको छ । किनभने विदेशतिर खोज्नेलाई रोक्न सकियोस् । ट्राभलको सिलसिलामा अरू मुलुकमा प्रवेश गर्न सक्ने भनेर अध्यागमनमा समेत फरार कैदीहरूको नामावली पठाइएको छ ।

### राहदानीका..

लागि जिल्ला प्रहरी परिसर भद्रकाली, काठमाडौंमा पठाइएको प्रहरीले बताएको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका सूचना अधिकारी प्रहरी उपरीक्षक काजीकुमार आचार्यले छिटो राहदानी बनाइदिने प्रलोभन पारेर ठगी गर्नेहरू प्रहरीको निगरानीमा रहेको बताएका छन् ।

मध्यान्ह दैनिकले आइतबारको अंकमा 'रोजगारी न राहदानी !' शीर्षकमा राहदानी बनाउने कार्यमा बिचौलियाको बिगबिगीसम्बन्धी समाचार प्रकाशन गरेको थियो ।

विभागले टेन्डर प्रक्रियामा ढिलाइ भएको भन्दै फागुन ११ सम्म अत्यावश्यक पर्ने सेवाग्राहीहरूले मात्रै राहदानीका लागि आवेदन गर्न आग्रह गरेको छ । राहदानी विभागले अनलाइनमार्फत वितरण गर्ने एप्वाइन्टमेन्ट स्लट सीमित समूहको कब्जामा पर्दा सर्वसाधारण मर्कामा परेका छन् ।

विभागले सार्वजनिक बिदाको अघिल्लो दिन बाहेक दैनिक राहदानी बनाउन साँझ ५ बजे एक हजार एप्वाइन्टमेन्ट स्लट वितरण गर्ने गरेको छ । विभागले वितरण गरेका एक हजार एप्वाइन्टमेन्ट स्लट बढीमा पाँच सेकेन्डमा कब्जा हुने गरेको अधिकांशको भनाइ छ ।

हाल जिल्ला प्रशासन कार्यालयबाट नयाँ राहदानी बनाउँदा वा राहदानी नवीकरण गर्दा पाँच हजार, एकैदिन द्रुत सेवामा राहदानी विभाग काठमाडौंबाट राहदानी लिँदा १५ हजार, आवेदन बुझाइ शुल्क बुझाएको भोलिपल्ट लिन १२ हजार, शुल्क बुझाएको तेस्रो दिनमा लिन १० हजार लाग्ने गरेको छ । पुरानो राहदानी हराएको वा राहदानीमा क्षति पुगी नयाँ बनाउनुपर्ने अवस्थामा थप दस्तुर ५ हजार लाग्ने गरेको छ । तर एप्वाइन्टमेन्ट स्लटमा पहुँच पाउन नसक्नेले राहदानीका लागि त्यसको दोब्बर र कतिपय अवस्थामा बिचौलियाको मागअनुसारको रकम खर्च गर्नुपरेको सेवाग्राहीको भनाइ छ । विभागले राहदानीका विषयमा अनधिकृत व्यक्तिको भर नपर्न र त्यस्ता व्यक्तिबाट हुन सक्ने ठगीबाट सावधान रहन पनि आग्रह गरेको छ ।

### वैदेशिक...

त्यसैगरी चितवन कालिकाका प्रजाले पनि बेलायत पठाइदिने भन्दै दुई लाख ६४ हजार र गुरुङले साइप्रस पठाइदिने भन्दै एक जनाबाट सात लाख लिएको उजुरी परेपछि उनीहरूलाई पक्राउ गरिएको प्रहरीले बताएको छ ।

प्रहरीले बेरोजगार युवायुवतीलाई आकर्षक तलबको प्रलोभनमा पारी रोजगारीका लागि विभिन्न देशमा लैजाने भन्दै लामो समयसम्म झुक्यानमा राखेर विदेश नपठाइ सम्पर्कविहीन हुने क्रम बढेको भन्दै सचेत हुन आग्रह गरेको छ । पक्राउ परेका सबैलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको प्रहरी उपरीक्षक काजीकुमार आचार्यले जानकारी दिए ।

# अपराध नियन्त्रणमा अर्घाखाँची प्रहरीको सक्रियता बढ्यो : डिएसपी जिसी

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १ मंसिर



आपराधिक गतिविधि नियन्त्रणका लागि अर्घाखाँची प्रहरीले सक्रियता बढाएको छ । निर्वाचन नजिकिँदै गएसँगै आपराधिक पृष्ठभूमिका व्यक्ति तथा समूहले समाजमा अशान्ति सिर्जना गर्न सक्ने सम्भावना बढेकाले निगरानी थप गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । सन्धिखर्कमा जिल्ला प्रहरी कार्यालयले आयोजना गरेको पत्रकार भेटघाटमा प्रहरी नायब उपरीक्षक (डिएसपी) दिवस बहादुर जिसीले पछिल्ला घटनाक्रम र सुरक्षा व्यवस्था बारे जानकारी दिए ।

डिएसपी जिसीका अनुसार अर्घाखाँचीको भूमिकास्थान नगरपालिका-४ कल्लेरीमा एक आमाले आफ्नै चार वर्षीया छोरीको घरेलु हतियार खुर्पा प्रहार गरी हत्या गरेकी छिन्। मानसिक स्वास्थ्यसम्बन्धी समस्याको दीर्घ उपचारमा रहेकी ३१ वर्षीया आमालाई प्रहरीले नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाइरहेको जानकारी उनले दिए । 'हामी अहिले विस्तृत अनुसन्धान गरिरहेका छौँ, आवश्यकताअनुसार मात्र नाम सार्वजनिक गर्नेछौँ,' डिएसपी जिसीले बताए ।

स्थानीयबाट खबर आएपछि प्रहरी तत्काल घटनास्थल पुगेको र आवश्यक मेडिकल प्रक्रिया गरिएको प्रहरीले जनाएको छ । जिल्लामा कात्तिक महिनामा मात्रै झुण्डिएर, सवारी दुर्घटना तथा अन्य घटनासहित ११ जनाको मृत्यु भएको डिएसपी जिसीले जानकारी दिए । तीमध्ये झुण्डिएको अवस्थामा ७, सवारी दुर्घटनामा २, आफैँले घाँटी रेटेको एक जना तथा आफ्नै छोरीको हत्या गरेको एक घटना समावेश छन् ।

यस्तै, जिल्ला प्रहरी कार्यालयमा कर्तव्यज्यान, बहुविवाह, कुटपिट, सवारी ज्यान, हातहतियार खरखजना गरी २० वटा मुद्दा दर्ता भएका छन् । तीमध्ये ६ वटा फछ्र्यौट भइसकेका छन् भने १४ वटा मुद्दा प्रक्रियामा रहेका छन् । ट्राफिक नियम उल्लङ्घन गर्ने सवारीसाधनहरूबाट चेकजाँचका क्रममा २ लाख रुपैयाँभन्दा बढी राजस्व संकलन गरिएको डिएसपी जिसीले बताए ।

**मलेसियामा रोजगार**
कम्पनी: **RZ FORCE SDN BHD** — शहर: **MALAYSIA**
पूर्व स्वीकृत मितिः २०८२/०८/०१ — चलानी नं.: ६०२४७४९५ — **L.T. No.: 333784**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1700 | ५८,२९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर ९ गते (25 November 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**DITYA INTERNATIONAL PVT. LTD.** — श्रम ई. पत्र नं.: ११७१/०७३/०७४
Sinamangal-9, Manpower Bazar, Kathmandu, Contact No: 01-5912818, 9701018326, 9701018328, 9701018329, E-mail : dityaintl3@gmail.com, Web.: www.dityainternational.com

## प्रेस विज्ञप्ति

वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च वैदेशिक रोजगार व्यवसायी तथा कामदारका हकहितप्रति गम्भीर रहेको व्यहोरा सम्पूर्ण सरोकारवाला पक्षलाई अवगत नै छ । राजनीतिक संक्रमणको अवस्थामा रहेको वर्तमान सन्दर्भमा वैदेशिक रोजगार क्षेत्र अति नै संवेदनशील अवस्थामा रहेको यस मञ्चको ठहर छ । चालु आर्थिक वर्षको पहिलो तीन महिनामा ५ खर्ब ५३ अर्ब ३१ करोड रेमिट्यान्स भित्रिएको छ, जुन गत आ.व.को तुलनामा ३५.४ प्रतिशत बढी हो । मुलुकमा रोजगारी सिर्जना हुन नसकेको अवस्थामा मुलुकको अर्थतन्त्र चलायमान बनाउन वैदेशिक रोजगारले महत्वपूर्ण योगदान दिएको छ । तर वैदेशिक रोजगारीमा जाने कामदार र उनीहरूलाई पठाउने म्यानपावर कम्पनीको हकहित संरक्षणको काममा सरकारले यथोचित पहल गरेको अनुभूति हुन नसकेको प्रति यस वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको गम्भीर ध्यानाकर्षण भएको छ । खासगरी गत भदौ अन्तिम साता भएको जेनजी आन्दोलनपछि प्रमुख श्रम गन्तव्य मुलुक युएईले बिनाजानकारी र बिनाकारण नेपाली कामदारको भिसा जारी गर्न रोकेको छ । युएईको रोजगार भिसा प्रक्रियामा देखिएका समस्या समाधानका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, नेपाली दूतावास र युएई सरकारका बीच समन्वय भइरहेको बताइएपनि भिजिट भिसा खुल्ने, तर संस्थागत रूपमा जाने कामदार भिसा जारी नहुने विडम्बनापूर्ण अवस्था छ । भिजिट भिसा सहज भएको र कामदार भिसा रोकिएको अहिलेको अवस्थाले युएईस्थित नेपाली राजदूतावासबाट समस्या समाधानका लागि सार्थक कूटनीतिक पहल नभएको प्रष्ट भएको छ । युएईमा कामदार भिसामा प्रतिबन्ध यथावत् रहे नेपाली युवायुवती असुरक्षित रूपमा वैदेशिक रोजगारमा जाने खतरा बढ्नेतर्फ यस मञ्च नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, अध्यागमन विभागलगायत सरोकारवाला निकायको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छ । लामो समयसम्म नेपाली कामदारको भिसा रोकिएमा उक्त मुलुकले नेपाली कामदारको सट्टामा अन्य स्रोत मुलुक खोज्ने र जसका कारण नेपालले रेमिट्यान्स र रोजगारी दुवै गुमाउने खतरा छ । मुलुकमा भर्खरै भएको जेनजी आन्दोलनले सबै पक्षमा सुशासन र तीव्रताका साथ सेवा प्रवाहको सन्देश दिएको छ । आन्दोलनको उक्त मर्मलाई आत्मसात गरी समस्या समाधानका लागि कूटनैतिक सक्रियता देखाउनुपर्नेमा युएईस्थित नेपाली राजदूतावासका तर्फबाट ठोस पहल गरेको नदेखिनु गम्भीर चिन्ताको विषय हो । यस विषयमा नेपाली राजदूतावासलाई तत्कालै उचित निर्देशन दिन नेपाल सरकार तथा परराष्ट्र मन्त्रालयको गम्भीर ध्यानाकर्षण गराउँदछौं ।

**ज्ञान बहादुर तामाङ**
**कार्यवाहक अध्यक्ष**

ORFEE
**वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च**
**Organization of Republican Foreign Employment Entrepreneur**
ललितपुर महानगरपालिका-१४, कुसुन्तिहाईट ललितपुर, नेपाल

**Phedikhola Rural Municipality**
**Office of Rural Municipal Executive**
**Phedikhola, Syangja, Gandaki Province, Nepal**
**First date of publication: 18 November 2025**

1. **The Phedikhola Rural Municipality** has received a grant from **GoN** towards the cost of **Conditional Grant** and intends to apply part of the funds to cover eligible payments under the Contract for **Upgrading/improvement of Sarketari Arukharkha Galem Panchase Road in CH 4+150 - 7+200 at Phedikhola-04, Syangja** under contract ID **33-PRM-W-NCB-082-83.** Bidding is open to all eligible Nepalese and Foreign Bidders. The estimated cost of the Work is **NPR 8150869.58 (Excluding VAT and PS).**
2. **Office of Rural Municipal Executive of Phedikhola Rural Municipality** invites only electronic bids from eligible bidders for **Upgrading/improvement of Sarketari Arukharkha Galem Panchase Road in CH 4+150 - 7+200 at Phedikhola-04, Syangja** under National Competitive Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Work experience of similar size and nature: **Successfully or substantially completed at least one road project involving DBST, Premix Carpeting, Rigid Pavement, or Asphalt Concrete works, with a contract value of not less than NPR 3.5 million (excluding VAT)**
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola-02, Pokhari, Syangja, email:phedikhola174@gmail.com, Phone: 063402053** or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may be purchased from the **Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola-02, Pokhari, Syangja** by eligible Bidders on the submission of written application, along with the cop[y of company/firm registration certificate, and upon payment of a non-refundable fee of **NPR 3000.00** till **17 December 2025** during office hours. Or Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Prime Bank Ltd., Phedikhola Branch**
   Name of Office: **Office of Rural Municipal Executive, Phedikhola RM**
   Office Code No. : **None**
   Office Account No.: **06501000000030800180**
   Rajaswa (revenue) Shirshak No. : **Ga-1-1**
5. Electronic bids must be submitted to the office **Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola-02, Pokhari, Syangja** through PPMO website www.bolpatra.gov.np. on or before **12:00 Hrs.** on **18 December 2025.** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **12:00 Hrs**. on **18 December 2025** at the **office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola-02, Pokhari, Syangja.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of **NPR 204,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid. Bidder who wishes to submit the bid security in the form of cash, the cash should be deposited in Dharauti account of Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja in account No. **06501000000003600179** at Prime Commercial Bank Ltd., Phedikhola, Syangja.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

# प्रधानमन्त्री कार्कीविरुद्ध अदालतको अवहेलनासम्बन्धी मुद्दा दायर



**काठमाडौं/मस**–सर्वोच्च अदालतमा प्रधानमन्त्री सुशीला कार्कीविरुद्ध अदालतको अवहेलनासम्बन्धी मुद्दा दर्ता भएको छ ।

राजदूत फिर्ता बोलाउने निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले दिएको आदेश पालना नगरेको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीविरुद्ध अवहेलना मुद्दा दायर गरिएको हो । अधिवक्ता प्रेम सिलवालले दायर गरेको सो मुद्दाको सुनुवाइ यही मंसिर ७ गते हुनेगरी तोकिएको सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिए ।

वर्तमान सरकारले गत असोज ३० गते अघिल्लो सरकारको पालामा नियुक्त ११ देशका राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो । यसअघि, सर्वोच्च अदालतका न्यायाधीशद्वय सारंगा सुवेदी र श्रीकान्त पौडेलको संयुक्त इजलासले राजदूत फिर्ता बोलाउने निर्णय तत्काल कार्यान्वयन नगरी यथास्थितिमा राख्न गत कात्तिक १६ गते अन्तरिम आदेश दिएको थियो ।

अदालतको आदेश आएकै भोलिपल्ट सरकारले राजदूत फिर्ता बोलाएर परराष्ट्र मन्त्रालयमा हाजिर हुन निर्देशन दिएको थियो । अदालतको सम्मान र कानुनी शासनका पक्षमा मुद्दा दायर गरेको अधिवक्ता सिलवालले जानकारी दिए ।

# प्रधानमन्त्री र उपत्यका 'मेयर फोरम'का प्रतिनिधिबीच चुनाव र स्थानीय समस्याबारे छलफल



**काठमाडौं/मस**– प्रधानमन्त्री सुशीला कार्कीले काठमाडौं उपत्यकाका 'मेयर'हरूसँग छलफल गरेकी छन् । उपत्यका मेयर्स फोरमका प्रतिनिधिमण्डलसँग सोमबार साँझ बालुवाटारमा भएको भेटमा स्थानीय तहका प्रमुखहरूले प्रधानमन्त्री कार्कीको नेतृत्वमा निर्वाचन सफलतापूर्वक सम्पन्न हुने विश्वास व्यक्त गर्दै त्यसका लागि पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गरेका छन् ।

भेटका क्रममा फोहर व्यवस्थापन, सडक बत्तीको बक्यौता, सुरक्षा चुनौती र विकास निर्माणका अवरोधलगायत स्थानीय तहलाई परेका विभिन्न समस्याबारे प्रधानमन्त्रीलाई अवगत गराएको र सरकारले यसबारे 'बोल्ड' निर्णय गर्नुपर्ने धारणासमेत राखेका प्रधानमन्त्रीको सचिवाललयले जनाएको छ ।

छलफलमा ललितपुर महानगरपालिका प्रमुख चिरिबाबु महर्जनले सडक बत्तीको बक्यौता रकम धेरै वर्षयता राफसाफ नभएको उल्लेख गर्दै ६० प्रतिशत स्थानीय तह र ४० प्रतिशत संघीय सरकारले तिर्ने व्यवस्था मिलाइदिन प्रधानमन्त्रीलाई आग्रह गरे ।

गोकर्णेश्वर नगरपालिकाका प्रमुख दिपक कुमार रिसालले नेपाल ट्रस्टको जग्गामा सडक विस्तारका लागि पहल गर्न अनुरोध गरे ।

टोखा नगरपालिका प्रमुख प्रकाश अधिकारीले टोखा-छहरे सडक चौडाइका लागि स्थानीयलाई मुआब्जा दिने निर्णय गर्न गैरदलीय सरकारले ऐतिहासिक कदम चाल्नुपर्ने सुझाव दिए ।

बूढानीलकण्ठ नगरपालिका प्रमुख मीठाराम अधिकारीले आन्दोलनसँग प्रत्यक्ष सम्बन्ध नराख्ने व्यक्तिहरूद्वारा गरिएको लुटपाटमा कडा कारबाही गर्नुपर्ने माग गरे । चाँगुनारायण नगरपालिका प्रमुख जीवन खत्रीले सल्लाघारी-कमलविनायक-नगरकोट सडक वर्षौंदेखि अधुरै रहेकाले छिटो सम्पन्न गरिदिन माग गरे ।

'जेनजी' प्रदर्शनपछि उत्पन्न सुरक्षा अवस्थाबारे पनि धेरै मेयरले ध्यानाकर्षण गराउँदै स्थानीय तहका कार्यालय सञ्चालनमा सहजता मिलाइदिन आग्रह गरेका थिए ।

प्रधानमन्त्री कार्कीले आफू निर्वाचनमा केन्द्रित रहेको उल्लेख गर्दै यसमा स्थानीय सरकारको सहयोग आवश्यक रहेको बताइन् । 'एकातिर निर्वाचन मात्र गराऊ, अरु काम नगर भन्ने कुरा पनि उठेको छ । अर्कोतिर तपाईंहरूले उठाउनुभएको समस्या समाधानमा लाग्नुपर्ने माग छ । यसमा के-कति गर्न सकिन्छ, हेरौंला । समाधान तपाईं-हामी मिलेरै गर्ने हो ।'

भावी पुस्ताका लागि देशलाई बस्नलायक बनाउनु सबैको साझा दायित्व भएको बताउँदै प्रधानमन्त्री कार्कीले वर्षौंदेखिको एकलौटी शासनप्रति युवामा देखिएको असन्तुष्टि आत्मपरीक्षणको विषय भएको धारणा राखिन् । नयाँ पुस्ताको सोचअनुसार अघि बढ्नुपर्ने र प्रविधिसँगै हुर्किएको पुस्ताको अपेक्षा बुझ्नुपर्ने आवश्यकता रहेको उनको भनाइ थियो ।

# 'वर्तमान सरकारले निर्वाचन गराउने कुनै आधार देखिँदैन'



**काठमाडौं/मस**– नेकपा (एमाले) नेता एवं पूर्वगृहमन्त्री खगराज अधिकारीले प्रधानमन्त्री सुशीला कार्कीले निर्वाचन गराउन नचाहेको टिप्पणी गरेका छन् । सोमबार जनकपुरमा सञ्चारकर्मीहरूले राखेका जिज्ञासाको जवाफ दिने क्रममा उनले सो कुरा बताएका हुन् । नेता अधिकारीले सरकारले निर्वाचन गराउने कुनै आधार नदिएको जिकिर समेत गरे। प्रहरीबाट लुटिएका एसएलआरलगायतको हतियारसहित निर्वाचनमा गोलाबारुद हुने सम्भावना विद्यमान रहेकाले आगामी फागुन २१ गते निर्वाचन हुने कुनै सम्भावना नभएको उनको तर्क थियो । नेता अधिकारीले संसद पुन:स्थापना र युवा पुस्ताको सुशासन र भ्रष्टाचार अन्त्यको माग सम्बोधन गरेर मात्रै मुलुकलाई निर्वाचन अघि बढाउन नसकिने अडान समेत राखे ।

उनले भने, 'कुनै राजनीतिक दलको नेतृत्वमा अभियुक्तहरूलाई फरार बनाइयो । हतियारहरू लुटिएका छन । प्रहरीको पोशाक र लजेष्टिक सामानहरू पनि लुटिएका छन । र कुनैपनि मतदान केन्द्रमा एसएलआर समेत प्रयोग गरेर प्रहरीकै पोशाकमा गोलाबारुद हुने सम्भावना छदैछ । त्यसलाई शान्ति, सुरक्षा, अमनचैन, भयरहित वातावरण बनाउनुपर्ने सरकारको पहिलो कर्तव्य हो । त्यो काम उसले गरेकै छैन । पूर्वाधार बनाएकै छैन । राजनीतिक दलका भेटनै मन लाग्दैन भन्ने प्रधानमन्त्रीले चुनाव गराउन खोजेको हो भन्ने तपाईलाई लाग्छ र । त्यसैले चुनाव गराउन खोजिएको कुनै आधार नै देखिएको छैन । र, चुनाव हुन्छ भन्ने कुरामा आम जनतालाई विश्वास पनि छैन । अहिले चुनावको वातावरण बनाउनु पऱ्यो एक । र, संविधान जुन लिक बाहिर छ । त्यसलाई लिकमा ल्याउन संसद पुनस्थापना गर्ने र युवा पुस्ताका मागहरू सुशासन र भ्रष्टाचारको अन्त्य जुन माग उनीहरूले गरेका छन ।'

नेता अधिकारीले राजनीतिक दलका नेताहरूलाई भेट्नै मन लाग्दैन भन्ने प्रधानमन्त्रीले निर्वाचन गराउँछन् भनेर भन्न नमिल्ने समेत बताए ।

# आत्मनिर्भर लघुवित्त चौथोपटक सम्मानित



**दाङ/मस**– आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड लगातार चौथो पटक सम्मानित भएको छ ।

राष्ट्रिय कर दिवस-२०८२ को अवसरमा आन्तरिक राजस्व कार्यालय, तुलसीपुरले विशेष समारोहका बीच संस्थालाई सम्मान गरेको हो ।

कार्यक्रम आन्तरिक राजस्व कार्यालयका प्रमुख श्रीधर टन्डनको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी विश्व प्रकाश अर्यालको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

कार्यक्रममा जिल्ला स्तरमा सबैभन्दा बढी आयकर बुझाउने संस्थाको रूपमा आत्मनिर्भर लघुवित्तलाई सम्मान गरिएको थियो । संस्थाले चालु वर्ष ३ करोड ७६ लाख ६५ हजार ८ सय १८ रुपैयाँ ५६ पैसा कर दाखिला गरेको थियो ।

प्रमुख कार्यकारी अधिकृत (सीईओ) सोगतबीर चौधरीले संस्थाको मातृसंस्था 'ग्रामीण महिला उत्थान केन्द्र'ले २०५१ सालदेखि महिला सामाजिक, सांस्कृतिक तथा आर्थिक सशक्तिकरणका लागि समुदायस्तरमा विविध कार्यक्रम चलाउँदै आएको स्मरण गरे । महिलाहरू आर्थिक रूपमा सक्षम नभएसम्म पूर्ण सशक्तिकरण सम्भव नहुने भएकाले २०६० सालमा १७ सय रुपैयाँ बराबरको लगानीबाट महिलालाई उद्यमी बनाउने अभियान सुरु गरिएको बताउँदै, उनले आज संस्था लुम्बिनी प्रदेशमा 'घ' वर्गको बैंकका रूपमा विस्तार भइ ५५-६० हजार महिलासँग सहकार्य गर्नु गर्वको विषय रहेको उल्लेख गरे ।

संस्था दाङ, बाँके र बर्दिया जिल्लामा २२ वटा शाखा तथा उपशाखामार्फत साना व्यवसायी तथा उद्यमी महिलालाई बिना धितो, समूह जमानी तथा धितोका आधारमा कर्जा प्रदान गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी गरिरहेको छ । साथै सामाजिक उत्तरदायित्व कोषमार्फत अतिबिपन्न तथा सिमान्तकृत समुदायका लागि स्वास्थ्य तथा शिक्षा क्षेत्रमा समेत सहयोग गरिरहेको जानकारी दिइएको छ ।

संस्थाले कर्जा सुरक्षा तथा ग्राहक संरक्षणका लागि कर्जा बीमा, महिलालाई सुत्केरी सुविधा, विभिन्न तालिम कार्यक्रम, राष्ट्रियस्तरका सम्मेलनमा सहभागिता तथा आकस्मिक अवस्थाका लागि आवश्यक सहायता प्रदान गर्दै आएको छ । संस्थामा आवद्ध महिलाहरूले स्वरोजगारका अवसर सिर्जना गर्दै परिवारको आर्थिक स्थिति सुधार्नुका साथै आफ्ना छोराछोरीलाई गुणस्तरीय शिक्षा दिन सकिरहेको पनि कार्यक्रममार्फत जानकारी गराइएको छ ।

आत्मनिर्भर र सशक्त समाज निर्माण गर्ने लक्ष्यसहित स्थापना भएको संस्थाले उद्यमी महिलाहरूले उत्पादन गरेका वस्तुको बजारसमेत विस्तार गर्न सहयोग गर्दै आएको छ । लगातार चौथो वर्ष सम्मानित हुँदा संस्था अझ पारदर्शी, उत्तरदायी र सदस्यकेन्द्रित सेवा प्रवाहमा जुट्ने प्रेरणा मिलेको सिइओ चौधरीले बताउँदै आन्तरिक राजस्व कार्यालयलाई धन्यवाद व्यक्त गरे ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय दाङका प्रमुख, सशस्त्र प्रहरीका प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय, इलाका प्रशासन कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय, नेपाल पत्रकार महासंघका प्रतिनिधि तथा दाङ उद्योग वाणिज्य संघका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

# पाँच जना प्रदेश सभा सदस्यलाई पदमुक्त नगर्न सर्वोच्चको आदेश




**काठमाडौं/मस**– मधेश प्रदेशका पाँच प्रदेशसभा सदस्यलाई पदमुक्त नगर्न सर्वोच्च अदालतले आदेश दिएको छ ।

सभामुख रामचन्द्र मण्डलले गत कात्तिक २७ गते जनता समाजवादी पार्टी नेपाल, नागरिक उन्मुक्ति पार्टीको पाँच प्रदेशसभा सदस्यहरूलाई पदमुक्त गरेका थिए ।

सर्वोच्चका न्यायाधीश नित्यानन्द पाण्डेयको एकल इजलासले मधेस प्रदेशसभाका सभामुख मण्डललाई ती पाँच जना प्रदेशसभा सदस्यलाई तत्काल पदमुक्त नगर्न आदेश दिएको हो ।

जनता समाजवादी पार्टी नेपालका प्रदेशसभा सदस्यहरू मनिषकुमार सुमन, सञ्जयकुमार यादव, सिंहासन साह कलवार र शारदा शङ्कर साह कलबनर र नागरिक उन्मुक्ति पार्टीकी उर्मिला सिंहलाई प्रदेशसभाको बैठकमा लगातार १० दिन अनुपस्थित रहेको भन्दै पदमुक्त गरिएको थियो ।

सभामुखको निर्णयविरुद्ध पदमुक्त भएका प्रदेशसभाका सदस्यहरूले सर्वोच्चमा अदालतमा रिट दायर गरेका थिए ।

# लागूऔषधसहित दुई जना पक्राउ



**काठमाडौं/मस**– लागूऔषध ट्रामाडोलसहित प्रहरीले दुई जनालाई पक्राउ गरेको छ । भक्तपुर चाँगुनारायण नगरपालिका- ८ घर भइ हाल काठमाडौं नारायणटार बस्ने ३३ वर्षकी लक्ष्मी कार्की र कागेश्वरी मनोहरा नगरपालिका-८ गोठाटार घर भइ काठमाडौं दक्षिणकाली- ५ फर्पिङ बस्ने ३४ वर्षका किरण खत्रीलाई प्रहरीले पक्राउ गरेको हो । खत्री फर्पिङस्थित ब्राईट फ्युचर रियाव सेन्टरमा बस्दै आएका थिए ।

कार्कीलाई प्रहरी वृत्त गौशालाबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको हो । कार्कीलाई चेकजाँच गर्ने क्रममा झोलाभित्र नीलो प्लास्टिकबाट १ सय ५० पत्ता १५ सय ट्याबलेट लागुऔषध बरामद गरिएको छ । त्यसपछि कार्की बस्दै आएको काठमाडौंको शिवचोकस्थित कोठाबाट १ सय ३४ पत्ता १ हजार ३ सय ४० ट्याबलेट गरी जम्मा २ सय ८४ पत्ता लागुऔषध ट्रामाडोलसहित कार्कीलाई नियन्त्रणमा लिइएको छ । पक्राउ परेका दुबै जनालाई काठमाडौं जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

**Infrastructure Development Directorate**
**Birendranagar, Surkhet**
**Letter of Intent (LoI)**
**Date of Publication: 2082/08/02 (18th November, 2025)**

This is notify to all concerned bidders as per Section 27 (2) of Public Procurement Act, 2063 that we are going to award following contracts as per IFB No: 01-082/083 & IFB No: 02-082/083, published on National Daily Newspaper on 2082/05/02 (18th August, 2025) & 2082/05/16 (1st September, 2025) respectively to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion for the provision of Section 47 of Public Procurement Act, 2063. If no bidder makes an application pursuant to Section 47 within the period of seven days of the notice referred to in Section 27 (2), the bid of the bidder selected pursuant to Section 27 (1) shall be accepted.

| S. N. | Contract ID, Description of works | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount (NRs.) |
|---|---|---|---|
| 1 | IDD/SKT/W/NCB/03/082-083, Construction of Bangale Danda Gagretal Road, Birendranagr- 11, Surkhet | M/s Dil Nirman Sewa, Birendranagar-11, Surkhet. | 42,90,703.46 |
| 2 | IDD/SKT/W/NCB/04/082-08,3 Construction of Bihani Tole & Mitratole Link Aapkholi Bridge Birendranagar-5, Surkhet | M/s Lamichhane Nirman Sewa, Birendranagar-05, Surkhet. | 42,04,696.96 |
| 3 | IDD/SKT/W/NCB/05/082-083, Construction of Duikholi Rokaya Tole,Tule Galmare Kalekunda Chanardera Dimra Road, Chingad -3, Surkhet | M/s Malika Construction, Sanni Tribeni-07, Kalikot. | 19,36,855.39 |
| 4 | IDD/SKT/W/NCB/06/082-083, Construction of Kandapokhari Awalgandra Khaneta Road, Chingad -2, Surkhet | M/s Malika Construction, Sanni Tribeni-07, Kalikot. | 26,67,590.98 |
| 5 | IDD/SKT/W/NCB/08/082-083, Construction of Kalika Mandir To Baidya Danda Sadak, Birendranagar-5, Surkhet | M/s New Kalika Construction, Narayan-6, Dailekh | 1,03,85,979.18 |
| 6 | IDD/SKT/W/NCB/09/082-083, Upgrading of Raharpur To Mathillo Parseni To Tunikholako New Culvert Pipalchautara Sadak, Birendranagar-9, Surkhet | M/s Saphal Construction, Birendranagar-09, Surkhet. | 1,16,71,001.03 |
| 7 | IDD/SKT/W/NCB/10/082-083, Construction of Sunaulo Tole Bikas sastha Road, Birendranagar-7, Surkhet | M/s Swamikartik Nirman Sewa, Bajura. | 40,95,653.63 |
| 8 | IDD/SKT/W/NCB/11/082-083, Upgrading of Mangalgadhi Sibha Ma.Bi Latikoili Road, Birendranagar-9, Surkhet | M/s Saphal Construction, Birendranagar-09, Surkhet. | 58,55,481.80 |
| 9 | IDD/SKT/W/NCB/12/082-083, Upgrading of Naya Ghusra Chaudari Tole To Dulal Bhairel Dalit Basti Road, Birendranagar-10, Surkhet | M/s Pawan Construction, Birendranagar-06, Surkhet. | 80,49,379.70 |
| 10 | IDD/SKT/W/NCB/15/082-083, Construction of Deuti Bajai Chaukhe Dhunga Road, Birendranagar-10, Surkhet | M/s Hillways Engineering Builders Pvt. Ltd., Dailekh. | 1,35,37,643.85 |
| 11 | IDD/SKT/W/NCB/16/082-083 Construction of Shantitole to INF Road, Birendranagar-05, Surkhet | M/s Pawan Construction, Birendranagar-06, Surkhet. | 50,33,114.62 |
| 12 | IDD/SKT/W/NCB/17/082-083, Construction of Karnali Copy Udhog Simal Chowk to Ekata Chowk Road, Birendranagar-01, Surkhet | M/s D.G Construction, Birendranagar-06, Surkhet. | 52,23,772.05 |
| 13 | IDD/SKT/W/NCB/18/082-083, Construction of Boudha Gumba Paschim Shivalaya Tole Road, Birendranagar-09, Surkhet | M/s Saphal Construction, Birendranagar-09, Surkhet. | 53,70,018.29 |
| 14 | IDD/SKT/W/NCB/19/082-083, Construction of Alayachaur Saktekanda Mathillo Bulbule to Bheriganga Road, Birendranagar-9, Surkhet | M/s Kaji Construction, Birendranagar-09, Surkhet. | 61,52,035.89 |
| 15 | IDD/SKT/W/NCB/20/082-083, Construction of Province Ayurved Hospital to Samudaik Ban Road Birendranagar-04, Surkhet | M/s Premit Builders & Engineering Consultancy, Birendranagar-2 Surkhet. | 1,27,46,189.31 |
| 16 | IDD/SKT/W/NCB/21/082-083, Construction of Ekata Tole Road, Birendranagar-03, Surkhet. | M/s S.R. Construction, Birendranagar-03, Surkhet. | 23,68,049.32 |
| 17 | IDD/SKT/W/NCB/22/082-083, Construction of Transportation Management Office, Surkhet. | M/s Rachana Construction, Thakurbaba-04, Bardiya. | 37,56,469.39 |
| 18 | IDD/SKT/W/NCB/23/082-083, Construction of Karekhola Ma. Vi. to Dobila Bajakhet Road, Birendranagar-13, Surkhet. | M/s Da KaliSiddhi Nirman Sewa, Birendranagar-6, Surkhet. | 29,83,393.72 |

मध्यान्ह
www.madhyanhadaily.com
२ मंसिर २०८२ मंगलबार
18 November 2025 Tuesday

## सम्पादकीय

# एनपिएलले दिएको आत्मविश्वास

जेनजी विद्रोहपछि उत्पन्न अस्थिरता, अन्योल र अविश्वासले नेपाली समाज थिलथिलो भइरहेका बेला नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करण सुरू भएको छ । राजनीतिक द्वन्द्व र आर्थिक दबाबले उकुसमुकुस भइरहेका बेला एनपिएलले एक प्रकारको उत्साह र सकारात्मक ऊर्जा फैलिएको छ । यसपटकको क्रिकेटको विशेष महत्व पनि छ किनभने नेपालले दुई महिनाअघि मात्र ठुलो भौतिक तथा मानवीय क्षति हुनेगरी नमिठो झट्का बेहोरेको छ । कीर्तिपुर खेलमैदान मात्र होइन, देशभर नै एनपिएलको चर्चा छ । यसले नेपाल पुनः जुर्मुराइसकेको सन्देश दिएको छ ।

भर्खरै निर्माण सकिएको कीर्तिपुर त्रिवि मैदानमा सोमबार सुरू भएको एनपिएलले धेरै अर्थमा नेपाल सुरक्षित एवं सक्षम छ भन्ने सन्देश प्रवाह गरेको छ । इंग्ल्यान्डदेखि अमेरिकासम्म, अस्ट्रेलियादेखि दक्षिण अफ्रिकासम्म, भारत, श्रीलंका, न्युजिल्यान्डलगायतका देशका खेलाडीहरूको सहभागिताले नेपालप्रतिको अन्तरर्ाष्ट्रिय विश्वास फेरि फर्किएको छ । संकटको बीचमै पनि विदेशी खेलाडी नेपाल ल्याउन सक्नु आफैंमा महत्वपूर्ण उपलब्धि हो । यसले संसारलाई नेपाल सुरक्षित छ भन्ने सन्देश दिएको छ ।

यसपटकको खेलमा त्रिवि मैदान आफैंमा आकषर्णको केन्द्र बनेको छ । एक वर्षअघिको सरकारी प्रतिबद्धता पूरा भई नयाँ मैदान, फ्लड लाइट्स र दर्शकदीर्घाबाट दर्शकले क्रिकेटको मजा लिन पाउनेछन् । वर्षौंदेखि अधुरो क्रिकेट मैदानमा देखिएको यो परिवर्तनले नै नेपाली क्रिकेटको संरचनागत सुधार स्पष्ट देखाएको छ । एनपिएलको पहिलो संस्करणले आधार बसालेको भए पनि दोस्रो संस्करणले नेपाली क्रिकेटलाई उद्योगतर्फ उन्मुख गराउँदै छ । २४ घण्टामै टिकट सकिनु, प्रसारण अधिकार तथा ओटिटीबाट आम्दानी बढ्ने अपेक्षा, फ्रेन्चाइज मोडलको स्थापनाअनुरूप ४० करोड संकलन गर्ने क्यानको लक्ष्यले पनि नेपाली क्रिकेटलाई सम्भावनाको बजार देखाइदिएको छ ।

दर्शक नै नेपाली क्रिकेटको सबैभन्दा ठुलो शक्ति हो भन्ने तथ्य पनि यो संस्करण सुरू हुनुअघि नै प्रमाणित भइसकेको छ । नेपालमा खेल हेर्न मैदानमा जाने संस्कृतिले जुन गति लिएको छ । त्यसले राष्ट्रलाई खेल संस्कृति र एकतामा बाँध्ने काम गरिरहेको छ । अकल्पनीय मानवीय क्षति एवं विध्वंसले उत्पन्न निराशा चिर्न र नयाँ उत्साहका साथ अघि बढ्न एनपिएलको 'क्रिकेट युनाइट्स नेपाल' भन्ने नाराले पनि काम गरेको छ ।

